नेपाल इन्जिनियरिङ्ग परिषद्
NEPAL ENGINEERING COUNCIL

व्यावसायिक आचार संहिता

दर्तावाला इन्जिनियरले ऐन वा नियमावलीमा उल्लेखित व्यवस्थाहरुका अधीनमा रही देहाय बमोजिमका व्यावसायिक आचार संहिता पालना गर्नु पर्नेछः–

(क) **अनुशासन तथा इमान्दारिता :** अनुशासित रुपमा इमान्दारिताका साथ पेशागत मर्यादा तथा हितको विपरित नहुने गरी इन्जिनियरिङ्ग सेवा तथा व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ख) **शिष्टता तथा गोपनीयता :** इन्जिनियरिङ्ग व्यवसायसँग सम्बन्धित ग्राहकसँग व्यवसायको क्रममा शिष्ट व्यवहार गर्नु पर्नेछ र ग्राहकसँग सम्बन्धित व्यावसायिक जानकारीहरु ग्राहकको स्वीकृति बेगर अन्य कसैलाई प्रकट गर्नु हुदैँन । तर प्रचलित कानुन बमोजिम त्यस्ता जानकारी सम्बन्धित निकाय समक्ष प्रकट गर्न बन्देज लागेको मानिने छैन ।

(ग) **भेदभाव गर्न नहुने :** व्यावसायिक ज्ञान र सिपको प्रयोग गर्दा धर्म, वर्ण, लिङ्ग र जाति वा अन्य कुनै पनि कुराको आधारमा ग्राहकहरु बीचमा कुनै पनि भेदभाव गर्नु हुदैन ।

(घ) **सम्बन्धित व्यावसायिक काम मात्र गर्नु पर्ने :** आफूले अध्ययन गरेको विषय वा हासिल गरेको ज्ञान सीपसँग सम्बन्धित क्षेत्रभित्रको व्यावसायिक काम मात्र गर्न वा तत्सम्बन्धी सुझाव वा सिफारिस गर्नु पर्नेछ । आफ्नो व्यवसाय क्षेत्रभित्र नपर्ने विषयसँग सम्बन्धित कामहरुका सम्बन्धमा सोसँग सम्बन्धित विशेषज्ञ कहाँ सिफारिस गर्नु पर्नेछ ।

(ङ) **इन्जिनियरिङ्ग व्यवसायमा आँच आउने काम गर्न नहुने :** आफूले पुऱ्याएको सेवा वापत पाउने पारिश्रमिक भत्ता तथा सुविधा बाहेक अन्य कुनै किसिमको अनुचित आर्थिक लाभ प्राप्त गर्न वा इन्जिनिरिङ्ग व्यवसायमा आँच आउने किसिमको कुनै अनुचित क्रियाकलाप गर्नु हुदैन ।

(च) **व्यक्तिगत उत्तरदायित्व :** इन्जिनियरिङ्ग व्यवसायको सन्दर्भमा आफूले गर्ने प्रत्येक काम व्यक्तिगत रुपमा उत्तरदायी हुने गरी गर्नु पर्नेछ ।

(छ) **नाम, पद र दर्ता नं. खुलाउनु पर्ने :** आफुले गर्ने इन्जिनियरिङ्ग व्यावसायिक कारोवारसँग सम्बन्धित लिखित, नक्सा, डिजाइन,स्पेसिफिकेशन, इष्टिमेत आदि कागजात तथा विवरणहरुमा आफ्नो हस्ताक्षर गर्दा आफ्नो नाम, पद र दर्ता नं. स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

(ज) **अनावश्यक प्रभाव पार्ने किसिमबाट प्रचार प्रसार तथा विज्ञापन गर्न नहुने :** आफूले गर्ने व्यावसायिक क्रियाकलापहरुका सम्बन्धमा ग्राहक (क्लाईन्ट) हरुलाई अनावश्यक रुपले प्रभावित गर्ने किसिमबाट प्रचार प्रसार तथा विज्ञापन गर्नु हुदैन ।

(झ) **राम्रो नियतका साथ काम गर्नुपर्नेछ :** बदनियत चिताई कुनै पनि काम गर्न, गराउन हुदैन ।

(ञ) **उचित हेरचाह र ध्यान दिएर काम गर्नुपर्नेछ :** कुनै काम गर्दा लापरबाही वा हेलचेक्रयाइ गर्न, गराउन हुदैन ।

(ट) **सही र सत्य प्रतिवेदनहरू प्रदान गर्नुपर्नेछ :** कुनै परीक्षण गर्दा झुट्टा वा गलत प्रतिवेदन वा तथ्यभन्दा फरक पर्ने गरी प्रतिवेदन तयार गर्न वा सिफारिस गर्न, गराउन हुदैन ।